☎०७८-५४०१७०, ५४११९६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
## गण्डकी प्रदेश, नेपाल

प.सं.०८०/०८१
च.नं.

**७५ प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण वितरण कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।।**
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/११/०९)

प्रस्तुत विषयमा कावासोती नगरपालिका, आर्थिक विकास तर्फको आ.ब.२०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण वितरण कार्यक्रम रहेकोले यस कावासोती नगरपालिका भित्रका ईच्छुक कृषक समूह/कृषि सहकारी/व्यवसायिक कृषि फर्म तथा निजि उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/११/२३) भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित कावासोती नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ, साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संचालन प्रकृया | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १. | ७५ प्रतिशत अनुदानमा कृषि औजार तथा उपकरण वितरण कार्यक्रम | कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०८० बमोजिम । | • ईच्छुक कृषक समूह/कृषि सहकारी/व्यवसायिक कृषि फर्म तथा निजि उद्यमिहरुले तोकिएको ढाँचामा निवेदन ।<br>• कृषि फर्म/कृषक समूह/कृषि सहकारीको दर्ता/नविकरण/पान नं/करचुक्ता/ वार्षिक अडिट रिपोर्ट प्रमाणपत्रको प्रतिलिपि ।<br>• कृषक समूह/ सहकारिको हकमा आवेदन पेश गर्ने कृषक समूह/सहकारिको कार्यसमितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।<br>• कृषक समूह/कृषि सहकारिको हकमा कृषि औजार तथा उपकरण माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।<br>• जग्गाधनि पुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्र ।<br>• सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।<br>• २५ प्रतिशत लागत सहभागिता प्रतिवद्धता पत्र । |

**थप जानकारिका लागि**
कावासोती नगरपालिका, कृषि विकास शाखा मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

.............................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थः**
श्रीमान् नगर प्रमुख ज्यू/नगर उप-प्रमुख ज्यूको सचिवालय, कावासोती नगरपालिका ।
श्री सूचना प्रविधि शाखा, वेवसाईटमा अपलोड गर्ने र सबै वडा कार्यालयमा प्रत्राचार गरिदिनुहुन ।
श्री वडा कार्यालय सबै, सूचना पाटीमा टाँस गर्ने र आफ्नो वडा भित्रका किसानलाई जानकारि गरिदिनुहुन ।

"व्यवसायीक र सृजनशिल प्रशासन, विकास समृद्धी र सुशासन"

Scanned with CamScanner